नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

फोन नं. ०९१-५२२९९७
इमेल: pmamp.piu.kailali@gmail.com
वेबसाइट: www.piukailali.pmamp.gov.np

प.सं. ०८३/८४
सूचना नं.: ०३

मिति: २०८३/०४/१५
ने. सं. ११४६ दिल्लागा द्वितीया

## सूचिकृत भई कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३/०४/१५**

आ.व. २०८३/८४ मा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली अन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यक्रममा सूचिकृत वा सूचिकृत हुन ईच्छुक कृषक समूह/सहकारी/संस्था/समिति/कृषि फर्म/कम्पनीहरूले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन भित्र अर्थात् मिति २०८३/०५/१८ गते भित्र यस कार्यक्रम कार्यान्वयन एकाइ, धनगढी उ.म.न.पा., कैलाली वा कैलारी गा.पा. ८, लौसा वा भजनी न.पा. १, भजनी बजार स्थित यस कार्यक्रम कार्यान्वयन एकाइको सम्पर्क कार्यालयहरुमा तोकिएको ढाँचामा आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीमा वा सूचनामा दिईएको सम्पर्क नं. मा सम्पर्क गर्न सकिनेछ।

*पूनश्चः विस्तृत जानकारीका लागि राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीको वेवसाईट, फेसबुक पेज (Namp Piu Kailali Dhangadhi) तथा कार्यालयको फोन नं. ०९१-५२२९९७, सूचना अधिकारीको सम्पर्क नं ९८५८४८४९०४ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।*

गौरीगंगा नगरपालिका
दर्ता नं. ६८
मिति ४/१९
दस्तखत

तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | एकाइ | लक्ष्य | स्वीकृत बजेट रू लाखमा | कार्यक्रमको अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| गहुँ सुपर जोनको कार्यक्षेत्र (कैलारी गा.पा. वडा नं.- १,२,३,४,५,६,७,८ र ९, गौरीगंगा न.पा. वडा नं.- ५,७,८,९,१० र ११ र घोडाघोडी न.पा. वडा नं.- १०,११ र १२) | | | | | | |
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (खर्च शीर्षक ३११५५) | संख्या | ४३ | २६ | ५० प्रतिशत सम्म अनुदान | ➢ स्यालो ट्युबवेल/ लिफ्ट सिंचाइ जडान<br>➢ सिंचाई योजनाबाट लाभान्वित हुने कृषकहरुको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि |
| २ | गहुँमा बीज वृद्धि कार्यक्रम (खर्च शीर्षक २६४१३) | हेक्टर | ७० | १०.५ | ५० प्रतिशत सम्म अनुदान | ➢ परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१)मा व्यवस्था भए बमोजिम |

सन्जु उपाध्याय रिमाल
वरिष्ठ कृषि अधिकृत

फोन नं. ०९१-५२२११७
इमेल: pmamp.piu.kailali@gmail.com
वेबसाइट: www.piukailali.pmamp.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | उन्नत प्रविधि सहित क्षेत्र विस्तार (Zero tillage/सिड ड्रिल (खर्च शीर्षक २२५२२) | हेक्टर | १६ | १.६८ | ५० प्रतिशत सम्म अनुदान | ➢ परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१)मा व्यवस्था भए बमोजिम |
| धान जोनको कार्यक्षेत्र (जानकी गा.पा. वडा नं.- ४, जोशीपुर गा.पा. वडा नं.- १,२,३,४ र ५, भजनी न.पा. वडा नं.-३,६ र ८) | | | | | | |
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (खर्च शीर्षक २६४२३) | संख्या | २५ | १५ | ५० प्रतिशत सम्म अनुदान | ➢ स्यालो टयुववेल जडान<br>➢ सिंचाई योजनाबाट लाभान्वित हुने कृषकहरुको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि |
| २ | उन्नत प्रविधि सहित क्षेत्र विस्तार (चार पाङ्ग्रे मेसिन र डि.एस.आर प्रविधिबाट) (खर्च शीर्षक २२५२२) | हेक्टर | ४५ | १२.६ | ५० प्रतिशत सम्म अनुदान | ➢ परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१)मा व्यवस्था भए बमोजिम |
| माछा जोनको कार्यक्षेत्र (धनगढी उ.म.न.पा., कैलारी गा.पा., घोडाघोडी न.पा. र भजनी न.पा. का सम्पूर्ण वडाहरु) | | | | | | |
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (खर्च शीर्षक २६४२३) | संख्या | ८ | ६.४ | ५० प्रतिशत सम्म अनुदान | ➢ स्यालो टयुववेल जडान<br>➢ सिंचाई योजनाबाट लाभान्वित हुने कृषकहरुको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि। |
| २ | महाजाल सहयोग कार्यक्रम (खर्च शीर्षक २६४१३) | वटा | २० | १० | ५० प्रतिशत सम्म अनुदान | ➢ न्यूनतम १ हेक्टर क्षेत्रफलमा माछापालन गरीरहेको हुनुपर्ने |
| ३ | मत्स्य पोखरीमा पानीको गुणस्तर जाँच सामाग्री, उपचार सामाग्री तथा प्रोवायोटिक्स सहयोग कार्यक्रम (खर्च शीर्षक २६४१३) | पटक | १ | ५.६२ | ५० प्रतिशत सम्म अनुदान | ➢ सघन मत्स्यपालन गरीरहेका कृषकहरुलाई प्राथमिकता दिईने |
| ४ | नयाँ मत्स्य पोखरी निर्माण (खर्च शीर्षक २६४२३) | हेक्टर | १.५ | ४.५ | ५० प्रतिशत सम्म | ➢ मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२ (पहिलो संशोधन २०७३) बमोजिम प्रति हे. बढीमा रु. ३ लाख रुपैया सम्म अनुदान |
| ५ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग(खर्च शीर्षक २६४२३) | पटक | १ | ५ | ५० प्रतिशत सम्म अनुदान | ➢ कृषि यन्त्र उपकरणहरुः एरियटर (पेडल वा फाउन्टेन), लालटीन पम्प, अटोमेटिक फिस फिडर, फिस ड्रायर, पेलेट दाना बनाउने मेशिन, चेष्ट फ्रिजर लगायत माछा पालन/ प्रशोधन/बजारीकरणका लागि प्रयोग |

अन्जु उपाध्याय नेपाल
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

फोन नं. ०९१-५२२९९७
इमेल: pmamp.piu.kailali@gmail.com
वेभसाइट: www.piukailali.pmamp.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | हुने अन्य आधुनिक कृषि यन्त्र उपकरणहरुलाई प्राथमिकता दिईने |
| ६ | पङ्गासियस माछा पालन गरिरहेका किसानलाई स्थायी प्लाष्टिक घर निर्माण सहयोग कार्यक्रम (खर्च शीर्षक २६४२३) | संख्या | १० | १५ | ५० प्रतिशत सम्म अनुदान | ➢ हिउँदको मौसममा न्यूनतम १ कठ्ठा जलाशय क्षेत्रफलमा पङ्गासियस माछाको भुराको नर्सरी व्यवस्थापन गर्नुपर्ने |
| ७ | माछा पोखरी सुदृढिकरण कार्यक्रम (खर्च शीर्षक २६४२३) | संख्या | ८ | १६ | ५० प्रतिशत सम्म अनुदान | ➢ माछा पोखरी गहिर्याउने/ पोखरी मर्ज गर्ने/ सिलपाउलिन प्लाष्टिक बिछ्याउने आदि |
| तेलहन जोनको कार्यक्षेत्र (जानकी गा.पा. वडा नं.- १,२,४ र ७, जोशीपुर गा.पा. वडा नं.- १,२,३,४,५,६ र ७, भजनी न.पा. वडा नं.- २, ३, ६ र ८, घोडाघोडी न.पा. वडा नं.- १,२,३,४,५,६,७,८ र ९ र बर्दगोरिया गा.पा. वडा नं.- १,२,४,५ र ६) | | | | | | |
| १ | तोरी पेल्ने मेसिन सहयोग कार्यक्रम (खर्च शीर्षक २६४२३) | वटा | १ | ४.५ | ५० प्रतिशत सम्म अनुदान | ➢ सम्बन्धित निकायमा व्यवसाय दर्ता गरी हाल कुटानी/ पिसानी/गल्ला व्यवसाय सञ्चालन गरीरहेको हुनुपर्ने |
| गहुँ सुपर जोन/ धान जोन/माछा जोन/तेलहन जोन, कैलाली सबैको लागि | | | | | | |
| १ | सामुदायिक नर्सरी स्थापना (खर्च शीर्षक २२५२२) | पटक/ संख्या | २ | १.४ | ५० प्रतिशत सम्म अनुदान | ➢ परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१) मा व्यवस्था भए बमोजिम |
| २ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन वृद्धिका लागि सहयोग (Land consolidation/ Crop consolidation/यन्त्र मैत्री गह्रा सुधार) (खर्च शीर्षक २६४१३) | संख्या | ३ | २४ | ५० प्रतिशत सम्म अनुदान | ➢ परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१)मा व्यवस्था भए बमोजिम |
| ३ | मसिना तथा वास्नादार धानको क्षेत्रफल विस्तार (खर्च शीर्षक २६४१३) | हेक्टर | २० | ५ | ५० प्रतिशत सम्म अनुदान | ➢ परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१)मा व्यवस्था भए बमोजिम |

५/१५
सन्जु उपाध्याय रिमाल
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार

## कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

फोन नं. ०९१-५२२९९७
इमेलः pmamp.piu.kailali@gmail.com
वेभसाइटः www.piukailali.pmamp.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | मल्टि कप सुपर सिडर सहयोग कार्यक्रम (खर्च शीर्षक २६४२३) | संख्या | २ | ५ | ५० प्रतिशत सम्म अनुदान | ➢ सहकारी संस्था/ फर्महरुको हकमा आ. व. २०८१/८२ वा आ. व. २०८२/८३ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि |
| ५ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग (खर्च शीर्षक २६४२३) | पटक | १ | ११ | ५० प्रतिशत सम्म अनुदान | ➢ कृषि यन्त्र उपकरणहरुः सिड ड्रिल मेशिन, रोटाभेटर, ह्यारो, कल्टिभेटर, बन्ड फर्मर, ल्याण्ड लेबलर लगायतका कृषि यन्त्र उपकरणहरु |
| ६ | Rice Transplanter Machine, Nursery tray, seeder आदि अनुदान सहयोग कार्यक्रम (खर्च शीर्षक २६४२३) | संख्या | २ | ३० | ५० देखि ७५ प्रतिशत सम्म अनुदान | ➢ सहकारी संस्था/ फर्महरुको हकमा आ. व. २०८१/८२ वा आ. व. २०८२/८३ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि |
| **चैते धान प्रवर्द्धन कार्यक्रम (कैलाली जिल्लाभर)** | | | | | | |
| १ | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार (खर्च शीर्षक २२५२२) | हेक्टर | १०० | ७ | ५० प्रतिशत सम्म अनुदान | ➢ न्यूनतम १ हेक्टर जमिनमा कार्यक्रम सञ्चालन गर्नुपर्ने |
| **माटो स्वास्थ्य सुधार कार्यक्रम (कैलाली जिल्लाभर)** | | | | | | |
| १ | प्राङ्गारिक मल/भर्मी कम्पोष्ट प्रवर्द्धन कार्यक्रम (खर्च शीर्षक २२५२२) | पटक | २ | ५.६ | ५० प्रतिशत सम्म अनुदान | ➢ प्राङ्गारिक मल/भर्मी कम्पोष्ट उत्पादन, प्रशोधन तथा बजारीकरण |

**<u>सुचिकृत तथा प्रस्तावना पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः</u>**

१. कार्यक्रम कार्यान्वयन एकाइले निर्धारण गरेको ढाँचाको निवेदन र रीतपूर्वक भरिएको प्रस्ताव फारम।

२. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/ कृषि उद्यमी (फर्म) सम्बन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि।

३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

४. आ.व. २०८१/८२ वा आ.व. २०८२/८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

५. सूचिकृत गर्ने तथा कार्यक्रम माग गर्ने सम्बन्धी संस्थाको बैठकको निर्णयको प्रतिलिपि।

८/१५

सन्दु उपाध्याय रिमाल,
वरिष्ठ कृषि अधिकृत

फोन नं. ०९१-५२२९९७
इमेल: pmamp.piu.kailali@gmail.com
वेबसाइट: www.piukailali.pmamp.gov.np

६. कार्यक्रम सञ्चालनको लागि कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने कागजातको प्रतिलिपि र पूर्वाधार निर्माणतर्फ प्रस्तावित संस्थाको नाममा रहेको जग्गा धनी पूर्जाको प्रतिलिपि वा कम्तिमा १० वर्षको सम्झौतानामा तथा सम्बन्धित जग्गा धनीको सहमति पत्र।

७. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/ कृषि उद्यमी (फर्म) को आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि।

८. अन्य निकायबाट सोही कार्यक्रमबाट लाभान्वित नभएको वा दोहोरो नपर्ने स्व-घोषणा/प्रतिबद्धता पत्र।

९. मल्टि कप सुपर सिडर सहयोग कार्यक्रम, जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग तथा Rice Transplanter Machine, Nursery tray, Seeder आदि अनुदान सहयोग कार्यक्रमको हकमा प्रस्तावक सहकारी संस्था/फर्महरुको आ.व. २०८१/८२ वा आ.व. २०८२/८३ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि। साथै प्रस्तावकसँग सो मेशिन सञ्चालनका लागि आवश्यक पर्ने ट्र्याक्टर लगायतका अन्य एटयाचमेन्ट पूर्ववत रुपमा भएको हुनुपर्ने र सो पुष्टी गर्ने कागजात समेत संलग्न गर्नुपर्ने।

पुनश्च: आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात र प्रक्रिया नपुगेको खण्डमा ती कृषक समूह/ सहकारी/ जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)हरुलाई जोनमा आवद्धता दिन र प्रस्ताव दर्ता गर्नका लागि कार्यक्रम कार्यान्वयन एकाइ बाध्य हुने छैन।

नोट:

१. गत आ.व. को कार्यक्रममा अनुदान प्राप्त संस्थाहरुबाट सोही कार्यक्रममा दोहोरिने गरी कार्यक्रमको आवेदन लिइने छैन। साथै समूह सहकारीको हकमा गत आ.व. को कार्यक्रममा अनुदान पाएका सदस्यहरु नदोहोरिने र नपाएका सदस्यहरुले पाउने सुनिश्चितताको लागि लाभग्राहीको नाम सहितको बैठकको निर्णय र अघिल्लो आ.व.का लाभग्राहीहरुको भर्पाई निवेदनका साथ अनिवार्य संलग्न गर्नुपर्ने छ।

२. निवेदकले समान प्रकृतिको कामका लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी/ गैह सरकारी संघ-संस्थाबाट सहयोग अनुदान आदि माग गरेको वा प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यक्रम कार्यान्वयन एकाइलाई जानकारी गराउनु पर्नेछ। समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अन्य कुनै निकायबाट अनुदान लिन पाइने छैन। यदि बदनियत पूर्वक अन्य कुनै निकायबाट समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अनुदान लिएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही र सरकारी बाँकी सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनि स्व-घोषणा गर्नु पर्नेछ।

३. साथै गत आ.व. मा कार्यक्रम सञ्चालन गर्दा सहभागी नभएकालाई प्राथमिकता दिईने छ।

**आवेदन पेश गर्ने कार्यालय**

| | | |
|---|---|---|
| कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली<br>धनगढी उ.म.न.पा. ०३, सहिदगेट, कैलाली<br>सम्पर्क नं.: ०९१-५२२९९७, ९८५८४८४९०४ | कार्यक्रम कार्यान्वयन एकाइको सम्पर्क कार्यालय<br>कैलारी गा.पा. ०८, लौसा<br>सम्पर्क नं.: ९८४८४९५७३४ | कार्यक्रम कार्यान्वयन एकाइको सम्पर्क कार्यालय<br>भजनी न.पा. ०१, भजनी बजार<br>सम्पर्क नं.: ९८६२४८०९१९ |

रेन्जु उपाध्याय रिमाल
वरिष्ठ कृषि अधिकृत